# गल्छी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**बैरेनी, धादिङ**
**बागमती प्रदेश, नेपाल**

Galchhi Rural Municipality

## आ.व. ०७९/०८० को लागि आन्तरिक आयको ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

(चौथो पटक सूचना प्रकाशन मिति २०७९।०६।११ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) तथा ६४ को (च) मा भएको व्यवस्था, बागमती प्रदेश आर्थिक ऐन, २०७८ को दफा ९ र सो सँग सम्बन्धित अनुसूची ५ मा भएको व्यवस्था एवं गल्छी गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा ८ को अनुसूची ६ अनुसार गल्छी गाउँपालिकाको आ.व. ०७९/०८० को ठेक्का बन्दोवस्त भएको मिति देखि २०८० असार मसान्तसम्म आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) गर्नुपर्ने भएकोले गाउँ कार्यपालिकाबाट तोकिएको दररेटमा ढुङ्गा, गिटी, बालुवा, माटो, स्लेट, ग्रावेल, चिप्स र रोडा लगायत संकलन/विक्री शुल्क लाग्ने सबै प्रकारका मालवस्तुमा (कृषिजन्य बाहेक) राजस्व संकलनको ठेक्का लिन इच्छुक सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै सूचना यस कार्यालयको वेभसाइट www.galchhimun.gov.np मा समेत हेर्न सकिनेछ ।

ठेक्काको विवरण

| ठेक्का नं. | ठेक्काको विवरण | परिमाण | दररेट | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी |
|---|---|---|---|---|---|---|
| १५/०७८/०७९ | गल्छी गाउँपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण गरेको कोशी खोला, खहरे खोला दोभान, गहते, निच्छान बगर, कल्लेरीघाट देखि केउसे दोभानसम्मको त्रिशुली नदीको बगर, केउरेनीटार, भूत्याहा, बेलिनिटार देखि आदमदोला सम्मको त्रिशुली नदीको वगर, पिप्ले, कोल्पुखोला बगर, बन्ली मरेङ्घाट वगर देखि महेश खोलासम्मको त्रिशुली नदीको बगर तथा जिन्टेटार मुनिको जिन्टे वगर, छोटे बगर, रुम्टा बगर, मासटार बगर र पानसयटार मुनिको स्यालटार बगर देखि बेल्खुखोलासम्मको त्रिशुली नदीको बगरबाट संकलन तथा विक्री र गाउँपालिकाको जुनसुकै स्थानहरुमा संकलन भई बिक्री हुने ढुङ्गा, गिटी, बालुवा, माटो, स्लेट, ग्राबेल, चिप्स र रोडा लगायत संकलन/निकासी/विक्री कर लाग्ने सबै प्रकारका (कृषिजन्य बाहेकका) मालबस्तुमा लाग्ने शुल्क/कर संकलन गर्ने । | गल्छी गाउँपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण गरेको क्षेत्रबाट संकलन/निकासी/विक्री हुने ९८,६२,८२० घनफिट (अन्ठानब्बे लाख बैसठ्ठी हजार आठ सय बीस घनफिट) तथा खानी लगायतका क्षेत्रबाट संकलन गरी फिरफिरेमा वास गरि निकासी हुने र क्रसरमा उत्पादन भई निकासी हुने अन्य परिमाण समेत । | आ.व. ०७९/०८० को लागि निर्धारित ढुङ्गा, गिटी, वालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दि एवं संकलन तथा बिक्री शुल्क जम्मा प्रति घन फिट रु. ९।- (नौ) तथा माटो निकासीको हकमा प्रतिघनफिट रु. २।५० (दुई रुपैयाँ पचास पैसा) मात्र तर गा.पा. भित्र खपत हुने उपरोक्तानुसारका मालवस्तुमा संकलन शुल्क रु. २ मात्र लाग्नेछ । | ५,०५,९६,१३५।५०- (पाँच करोड पाचँ लाख छयानब्बे हजार एक सय पैतीस रुपैया पैसा पचास मात्र) | ५,०००/- (पाँच हजार) | कबोल अंकको ५% (पाँच प्रतिशत) |

**ठेक्का सम्बन्धी शर्तहरू :**

१.ठेक्कामा सहभागी हुन चाहने फर्म वा कम्पनीले माथि उल्लेखित न्यूनतम अंकमा नघट्ने गरी यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र आ.व. ०७८/७९ को लागि फर्म/कम्पनीको नवीकरण भएको इजाजतपत्रको प्रतिलिपि, मु.अ. कर दर्ता प्रमाणपत्र र आ.व. ०७७/०७८ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp बाट प्रक्रिया पुऱ्याई E-Bidding गर्न सकिने छ र E-Bidding मार्फत बोलपत्रमा सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फाराम दस्तुर बापतको रकम रु. ५,०००।- (अक्षेरुपी पाँच हजार) यस कार्यालयको ग्लोबल आई.एम.ई. बैंक लि., बैरेनी धादिङमा रहेको ग १-१ आन्तरिक राजस्व खाता गल्छी खाता नं. ८१०४०१००००००४ मा रकम जम्मा गरि सो बैंक भौचर समेत स्क्यानिङ्ग गरी Upload गर्नुपर्नेछ ।

२. E-Bidding गर्ने बोलपत्रदाताहरुले बोलपत्र खोलेको ७ (सात) दिन भित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा बुझाई सक्नुपर्नेछ । अन्यथा उक्त बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिईने छैन ।

३. खरिद गरिएका बोलपत्र फारामहरुको महलहरु स्पष्ट रुपमा अंक र अक्षर भरी प्रत्येक पानामा सहि छाप गरि प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp बाट प्रक्रिया पुऱ्याई Upload गर्न सकिनेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिनको २:०० बजे उपस्थित बोलपत्र दाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ साथै फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. बोलपत्र फाराम साथ बोलपत्र जमानत बापतको रकम (कबोल अंकको ५% ले हुने आउने रकम) यस गाउँपालिका कार्यालयको ग्लोबल आई.एम.ई. बैंक लि. बैरेनी धादिङमा रहेको ग-३ धरौटी खाता गल्छी खाता नं. ८१०१०१००००१९१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको जमानीपत्र (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ । साथै बोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

५. यस कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

६. बोलपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ३०% ले हुन आउने रकम ग्लोबल आई.एम.ई बैंक लि. बैरेनी धादिङ स्थित यस कार्यालयको ग.६.१ विभाज्य कोष खाता गल्छी खाता नं. ८१०४०१००००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर र ठेक्का अंकले बुझाउन बाँकी ७०% ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले कम्तिमा १३ महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानतपत्रको सक्कल प्रति सम्झौताको बखत पेश गर्नु पर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

७. नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने मु.अ.कर, अग्रिम कर, आय कर लगायतका सम्पूर्ण करहरु ठेकेदार स्वयंले आफनो तर्फबाट बुझाउनु पर्नेछ । तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनै पनि कर रकमहरु समावेश गरिएको छैन ।

८. ठेक्का अवधी गल्छी गाउँपालिकासँग ठेक्का सम्झौता भएको मिति देखि २०८० साल असार मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल सामानको परिमाण एकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रक्रिया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधीमा पनि संकलन तथा बिक्री गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा समेत कुनै पनि क्षतिपूर्ति दाबी गर्न पाइने छैन । प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निषेध गरेको अवधीमा नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाइने छैन तर बिभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री ओसार पसार तथा बिक्री गर्न सकिनेछ ।

९. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । वा फोन नम्बर ०१०-४०३१५६/४०३१६०/४०३१९२ मा सम्पर्क राख्न सकिनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु नेपाल सरकार, बागमती प्रदेश सरकारबाट ढुङ्गा, गिटी, बालुवा, माटो, स्लेट, ग्राभेल, रोडा निकासी तथा बिक्री कर लाग्ने अन्य मालबस्तुहरु सम्बन्धी कार्यवधि स्वीकृत गरेको अवस्थामा सोका शर्तहरु र गल्छी गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयन गर्नु फर्म/कम्पनीको कर्तव्य हुनेछ ।

१०. यस सूचनामा उल्लेख भएका शर्तहरुको अतिरिक्त बोलपत्र फाराम साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

११. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

# गल्छी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बैरेनी, धादिङ
**बागमती प्रदेश, नेपाल**

१. बोलपत्र पेश गरेको कार्यालय :- गल्छी गाउँपालिकाको कार्यालय, बैरेनी धादिङ ।

२. कामको विवरण :- गल्छी गाउँपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण गरेको कोशी खोला, खहरे खोला दोभान, गहते, निच्छान बगर, कल्लेरीघाट देखि केउसे दोभान सम्मको त्रिशुली नदीको बगर, केउरेनीटार, भूत्याहा, बेलिनिटार देखि आदमदोला सम्मको त्रिशुली नदीको बगर, पिप्ले, कोल्पुखोला बगर, बन्ली मरेङ्गघाट बगर देखि महेश खोला सम्मको त्रिशुली नदीको बगर तथा विन्टेटार मुनिको जिन्टे बगर, छोटे बगर, रुम्टा बगर, मसटार बगर र पानसयटार मुनिको स्यालटार बगर देखि बेल्खुखोला सम्मको त्रिशुली नदीको बगरबाट उत्खनन/संकलन/विक्री/निकासी तथा गाउँपालिकाको जुनसुकै स्थानहरुमा संकलन भई निकासी हुने ढुङ्गा, गिटी, बालुवा, माटो, स्लेट, ग्राबेल, चिप्स र रोडा लगायत संकलन/निकासी/विक्री कर लाग्ने सबै प्रकारका (कृषिजन्य बाहेकका) मालबस्तुमा खानी लगायतका क्षेत्रबाट संकलन गरी फिरफिरेमा वास गरि निकासी हुने र क्रसरमा उत्पादन भई निकासी हुनेमा समेत कर संकलन गर्ने कार्यको ।

३. कबोल अंक :-

| कबोल रकम वार्षिक (भ्याट बाहेक) | | धरौटी रकम | |
|---|---|---|---|
| अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| | | | |

न्यूनतम ठेक्का अंक : भ्याट बाहेक रु. ५,०५,९६,१३५।५०- (अक्षेरुपी : पाँच करोड पाचँ लाख छयानब्बे हजार एक सय पैतीस रुपैया पैसा पचास मात्र ) ।

<u>बोलपत्र पेश गर्ने फर्म वा कम्पनीको</u>

| | | |
|---|---|---|
| कम्पनी वा फर्मको नाम : | | |
| कम्पनी वा फर्मको ठेगाना : | | |
| दस्तखत : | | |
| प्रोपाइटर : | | सम्पर्क टेलिफोन नं. |
| मिति : | | |

**यो बोलपत्र फाराम साथ संलग्न गरेको कागजातहरु**

१. फर्म/कम्पनी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि भएको वा नभएको:

२. करदाता प्रमाणपत्रको प्रतिलिपि भएको वा नभएको:

३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि भएको वा नभएको:

४. कारवाही वा कालो सूचिमा नपरेको स्वघोषण भएको वा नभएको:

५. अख्तियारनामा (Letter of Autonomy) भएको वा नभएको:

६. धरौटी वापत जम्मा गरेको बैंक भौचर वा तोकिएको बमोजिको विडवण्ड भएको वा नभएको:

७. अन्य केही कुरा खुलाउने भए:

**ठेक्का सम्वन्धी अन्य शर्तहरुः**

१. एकमुष्ट दाखिला गरेको बाहेक आय रकम भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | दाखिला गर्नुपर्ने रकम रु. |
|---|---|---|
| पहिलो | सम्झौताका बखत | कुल कबोल अंकको ३० प्रतिशतले हुन आउने रकम |
| दोश्रो | २०७९ साल पौष मसान्त भित्र | कुल कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेश्रो | २०७९ साल चैत्र मसान्त भित्र | कुल कबोल अंकको ३० प्रतिशतले हुन आउने रकम |

२. ठेक्का कबोल गर्ने फर्म/कम्पनीले गल्छी गाउँपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु गल्छी गाउँ कार्यपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारबाही गरिनेछ ।

३. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनु पर्नेछ ।

४. ठेक्कामा कुनै विवाद भएमा गल्छी गाउँपालिका कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

५. गाउँपालिका लाई बुझाउनु पर्ने वाँकी बक्यौता भएको वा कालो सुचिमा परेको फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

६. जमानी वापत बोलपत्रमा आफुले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा भरेकोलाई मान्यता दिइनेछ ।

७. तोकिएको समयमा किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असूल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दाबी गर्न पाउने छैन ।

८. माथि उल्लेखित मालसामानहरु संकलन/उत्खनन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निषेध गरेको स्थानबाट सामग्री उत्खनन गर्न पाइने छैन ।

९. ढुङ्गा, गिटी, बालुवा, माटो, स्लेट, ग्राबेल, चिप्स र रोडा लगायत संकलन/बिक्री गर्दा जिल्ला स्तरीय अनुगमन समिति र गाउँपालिकाको अनुगमन समितिले दिएको सुझाब एवं निर्देशन पालना गर्नु सम्बन्धित फर्म/कम्पनीको कर्तव्य हुनेछ ।

# गल्छी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बैरेनी, धादिङ
### बागमती प्रदेश, नेपाल

आय ठेक्का नं. :- १५/०७८/०७९

आय ठेक्काको विवरण :- गल्छी गाउँपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण गरेको कोशी खोला, खहरे खोला दोभान, गहते, निच्छान बगर, कल्लेरीघाट देखि केउसे दोभान सम्मको त्रिशुली नदीको बगर, केउरेनीटार, भुत्याहा, बेलिनिटार देखि आदमदोला सम्मको त्रिशुली नदीको बगर, पिप्ले, कोल्पुखोला बगर, वन्ली मरेङ्गघाट वगर देखि महेश खोला सम्मको त्रिशुली नदीको बगर तथा जिन्टेटार मुनिको जिन्टे वगर, छोटे बगर, रुम्टा बगर, मासटार बगर र पानसयटार मुनिको स्यालटार बगर देखि बेल्खुखोला सम्मको त्रिशुली नदीको बगरबाट संकलन/विक्री तथा गाउँपालिकाको जुनसुकै स्थानहरुमा संकलन भई निकासी हुने ढुङ्गा, गिटी, बालुवा, माटो, स्लेट, ग्राबेल, चिप्स र रोडा लगायत संकलन/विक्री कर लाग्ने सबै प्रकारका (कृषि जन्य बाहेकका) मालबस्तुमा खानी लगायतका क्षेत्रबाट संकलन भई फिरफिरेमा वास गरि निकासी हुने र क्रसरमा उत्पादन भई निकासी हुनेमा समेत कर संकलन गर्ने कार्यको ।

## बोलपत्र फाराम

**सुचना प्रकाशन भएको मिति :-** २०७९ असोज ११ गते

**बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति र समय :-** सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र ।

**बोलपत्र फाराम दर्ता गर्ने अन्तिम मिति र समय :-** सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र ।

**बोलपत्र खोल्ने मिति र समय :-** सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको २:०० बजे भित्र ।

**बोलपत्र खरिद गर्ने तथा पेश गर्ने स्थान :** सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp मा गएर माथि उल्लेखित समय भित्र Download तथा Upload गर्न सकिने छ ।

**बोलपत्र फाराम दस्तुर :-** रु ५,०००।- (पाँच हजार मात्र)

**बोलपत्र पेश गरिएको कार्यालय**
गल्छी गाउँ कार्यपालिकाको कार्यालय,
बैरेनी, धादिङ

**बोलपत्रदाताको विवरण**

कम्पनी/फर्मको नाम :

ठेगाना :

प्रोपाइटर/आधिकारिक प्रतिनिधिको नाम, थर :

सम्पर्क फोन नम्बर :

इमेल :-

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गल्छी गाउँ कार्यपालिकाको कार्यालय

बैरेनी, धादिङ ।

**विषय : बोलपत्र पेश गरिएको बारे ।**

तहाँ कार्यालयको मिति २०७९।०६।११ को शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सुचना अनुसार म्याद भित्र तोकिए बमोजिमको फारममा कबोल अंक खुलाई देहायको कामको शिलबन्दी बोलपत्र पेश गरेको छु । कबोल अंकको ५% धरौटी बापतको रकम रु ... ... ... ... ... ... त्यस कार्यालयको ग्लोबल आई.एम.ई. बैंक लिमिटेड, बैरेनी, धादिङ शाखामा रहेको खाता नं. ८१०१०१००००१९१ मा जम्मा गरेको बैक भौचर/गल्छी गाउँ कार्यपालिकाको कार्यालयको नाममा ... ... ... ... ... ... बैंक लिमिटेड, ... ... ... ... ... ... शाखाले जारी गरेको ... ... ... ... ... ... मिति सम्म म्याद भएको बिडवण्ड नं. ... ... ... ... ... ... को रु ... ... ... ... ... ... को बीडबण्ड यसै साथ संलग्न गरेको् छु ।

निवेदक

नाम, थर :

दस्तखत :

फर्म वा कम्पनीको नाम :

ठेगाना :